बैठक संख्या:४/२०८२/०८३
बैठक मिति: २०८२/०६/२७
समय: दिउँसो २:०० बजेदेखि
स्थान: सुनछहरी गाउँपालिका, गाउँकार्यपालिकाको बैठक कक्ष।

सुनछहरी गाउँपालिका अध्यक्ष श्री धनबहादुर पुन मगर ज्यूको अध्यक्षतामा र देहायका कार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको बैठक बसी पेश भएका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो।

उपस्थिति बिबरण:

| क्र.स. | नाम थर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १. | धनबहादुर पुन मगर | अध्यक्ष | | |
| २. | ननकला घर्ती | उपाध्यक्ष | | |
| ३. | अमरजित पुनमगर | ६ नं वडाध्यक्ष | | प्रवक्ता |
| ४. | धनीमान रोका | १ नं. वडा अध्यक्ष | | |
| ५. | कृष्ण बहादुर बुढा | २ नं वडा अध्यक्ष | | |
| ६. | उड्बीर घर्तीमगर | ३ नं वडा अध्यक्ष | | |
| ७. | हर्कराम बुढामगर | ४ नं वडा अध्यक्ष | | |
| ८. | देविलाल रोका मगर | ५ नं वडा अध्यक्ष | | |
| ९. | राज बहादुर रोकामगर | ७ नं वडा अध्यक्ष | | |
| १०. | निरमला पुन | म. सदस्य | | |
| ११. | अनिषा विष्ट | म. सदस्य | Anistha | |
| १२. | वाना राना मगर | म. सदस्य | | |
| १३. | दिपा घर्ती मगर | म. सदस्य | | |
| १४. | मन बहादुर वि.क | द. सदस्य | | |
| १५. | पूर्ण गोतामे | द. सदस्य | पूर्ण | |
| १६. | प्रेम बहादुर घर्ती | सदस्य- सचिव | | |

अन्य उपस्थिति:

| क्र स | नामथर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | दया बहादुर बुढा मगर | स. प्रशासकीय अधिकृत | | |
| २ | मनिस सुनार | लेखापाल | | |
| ३ | कालु पुन | कास | | |
| ४ | जमान पुन मगर | का स | | |

## चौथो कार्यपालिका बैठकका कार्यसूचीहरु:

१.अघिल्लो बैठकको समीक्षा सम्बन्धमा।
२.शुभ दिपावली २०८२ को अवसरमा शान्ति सुरक्षा सम्बन्धमा।
३.सुनछहरी कृषि परियोजना कार्यक्रमको कार्यान्वयन सम्बन्धमा।
४. विविध

**निर्णयहरु:**

| निर्णय क्रम संख्या | निर्णयको ब्यहोरा | निर्णय कार्यन्वयनमा जिम्मेवार शाखा/ निकाय/पक्षहरु | के |
|---|---|---|---|
| १ | मिति २०८१।०६।०७ गते तेस्रो कार्यपालिका बैठकका निर्णयहरुको कार्यन्वयनको अवस्थामा समीक्षा गरियो। | प्रमुख प्रशासकीय अधिकृत | |
| २ | शुभ दिपावली(तिहार) २०८२ को अवसरमा देहायबमोजिम गर्ने गराउने गरी सूचना जारी गर्ने<br>क. शुभ दिपावली पर्वलाई परापूर्वदेखि चल्दै आएको रितिररिवाज र संस्कार संस्कृति अनुसार आ- आफ्नो हैसियत/क्षमता अनुसार मनाउने।<br>ख. कुनैपनि दुर्घटना निम्त्याउन सक्ने खालका पटकाहरु भित्र्याउने र प्रयोग गर्नमा पूर्णरुपमा रोक लगाउने।<br>ग. भाईटिकाको लागि कुनैपनि प्लाष्टिकजन्य फूलमाला खरिद बिक्रि नगर्ने नगराउने गाउँको अर्गानिक हजारी सयपत्री फूलको उपयोग गर्ने।<br>घ. देउसी भैलो खेल्दा आधुनिकता भन्दा रैथाने कला गित भाका बाजा प्रयोग गर्न जोड दिने साउण्ड सिस्टम बजाउदा गाउँघरमा असर नपर्ने गरी बजाउने।<br>ङ. देउसी भैलो कार्यक्रमको समय बिहान ६:०० बजेदेखि राति १०:०० बजेसम्म खेल्ने खेलाउने उलंघन गर्नेलाई कानूनबमोजिम कारवाही गर्न स्थानीय सुरक्षा निकाय प्रहरी चौकिसँग समन्वय गर्ने।<br>च. चाडपर्वको वहानामा जुवातास खोरखोरे जस्ता विकृतिजन्य कानूनले वर्जित गरेका कार्य कोहि कसैले पनि नगर्ने/ नगराउने।<br>छ. अत्याधिक मदिरा सेवन गाँजा चुरोटको सेवन र चोरी डकैति जस्ता अवाञ्चित गतिविधि नगर्न नगराउन सम्बन्धित सबै पक्ष सचेत रहने।<br>ज. कहिँ कतै घटना घटेको खण्डमा नजिकको प्रहरी कार्यालय, स्थानीय विपद् व्यवस्थापन समिति, वडा कार्यालय र एम्बुलेन्सलाई तुरुन्त जानकारी गर्न गराउन अनुरोध गर्दछौ। | प्रशासन शाखा/वडा कार्यालय | |
| ३ | नछहरी गाउँपालिकाको साझेदारी कार्यक्रम संचालन कार्यविधि २०७९ बमोजिम सुनछहरी कृषि परियोजनाको लागि प्रस्ताव आव्हान भई हेफर इन्टरनेशनल छनौट भएकोले सम्झौता गर्ने प्रक्रिया अघि बढाउने। | कृषि/पशु/योजना शाखा | |
| ४ | विविध कार्यसूची उपर छलफल गर्दा देहायबमोजिमका निर्णयहरु गर्ने:<br>क. सुनछहरी गाउँपालिका वडा नं ४ सिउरीको नाम अपभ्रंस भइ स्युरी भएकोले अब उप्रान्त सरकारी कामकाजको सम्बन्धमा लेटरप्याडहरुमा सिउरी कायम गर्ने। | गाउँकार्यपालिका | |

CamScanner